मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक


# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक ४७ ● २०८२ साल पौष १६ गते बुधबार ● Wednesday 31, December 2025 ● सूर्योदय: बिहान ०६:५४ बजे ● सूर्यास्त: साँझ ५:२२ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## पूर्वराष्ट्रपतिद्वय यादव र भण्डारीबीच भेट



**काठमाडौँ ।**
पूर्वराष्ट्रपतिद्वय डा रामवरण यादव र विद्यादेवी भण्डारीबीच भेटवार्ता भएको छ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य किरण यादवको निवास लाजिम्पाटमा मंगलबार भएको भेटमा वर्तमान राजनीतिक अवस्थाको विषयमा छलफल भएको पूर्वराष्ट्रपति भण्डारीको सचिवालयले जनाएको छ ।
उनीहरुबीच वर्तमान सरकारको गतिविधि, आगामी फागुन २१ हुने निर्वाचन र वर्तमान राजनीतिक निकासलगायत समसामयिक विषयमा छलफल भएको जनाइएको छ ।

# ग्यासको बुलेट उठाउन नसक्दा खुलेन पूर्व–पश्चिम महेन्द्र राजमार्ग



**रौतहट ।**
मंगलबार बिहान ७:३० बजेदेखि अवरुद्ध भएको पूर्व–पश्चिम महेन्द्र राजमार्ग अझै खुल्न सकेको छैन । महेन्द्र राजमार्गअन्तर्गत रौतहटको चन्द्रनिगाहपुर—धन्सार सडक खण्डको लमाह पुल नजिक एलपी ग्यास बोकेको बुलेट दुर्घटना हुँदा राजमार्ग अवरुद्ध भएको हो ।
भारतको रक्सौलबाट एलपी ग्यास बोकेर धनुषाको महेन्द्रनगरतर्फ जाँदै गरेको युपी १७ ए टी २११४ नम्बरको ट्याङ्कर मंगलबार बिहान दुर्घटना भएको हो । अवरुद्ध राजमार्ग बिहानैदेखि खुलाउने प्रयास भए पनि प्राविधिक कारणले खुलाउन नसकिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रहरी नायब उपरीक्षक रुपा लाबुङले जानकारी दिए ।
बिहान ९ बजेदेखि नै ग्यास कम्पनीका प्राविधिक र नेपाल आयल निगम वीरगञ्ज शाखाका प्राविधिक टोलीले उक्त बुलेट हटाउन प्रयास गरे पनि अझै समय लाग्ने उपरीक्षक लाबुङले जानकारी दिए । ग्यास बुलेट हटाउन छ वटा क्रेन प्रयोग गरिएका छन् । दुर्घटनापछि बुलेटबाट लिक भएको ग्यास प्राविधिकले टाल्न नसकेपछि समस्या भएको उनीले बताए ।
दुर्घटनामा ट्याङ्कर चालक भारतको कदोरा जिल्ला जयनगर थाना निवासी ३५ वर्षीय पवन यादव घाइते भएका थिए । हाल पूर्वबाट आएका सवारीसाधन चन्द्रनिगाहपुरमा थन्किएको छन् भने केही सवारीसाधन रौतहटको चन्द्रनिगाहपुर—गौर राजमार्ग हुँदै बालचनपुर, जङ्गल सहिया हुँदै धन्सारको करिब ३५ किलोमिटर लामो बाटो घुमेर आवतजाबत गरिरहेका छन् ।

# मन्त्रिमण्डल विस्तार हुन अझै केही दिन लाग्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मन्त्रालयको भागवण्डा टुंग्याउने प्रयास तीव्र बने पनि मधेश सरकारले अझैसम्म पूर्णता पाउन सकेको छैन । सत्तारुढ दलहरूको मंगलबार मन्त्रालय भागबण्डाको विषयमा निष्कर्ष लगाउन बैठक बसेपनि मन्त्रिपरिषद विस्तार हुन सकेन ।
प्रदेश सरकार गठन भएको महिना दिन बितिसक्दा पनि सातदलीय गठबन्धनबीच मन्त्रालय बाँडफाँटमा सहमति नजुट्दा मन्त्रिमण्डल विस्तार हुनसकेको छैन । तर मधेशका मुख्यमन्त्री कृष्ण यादवले मन्त्रिमण्डल विस्तार एक दुई दिनमै हुने जानकारी दिएका छन् । उनले प्रत्येक दलका नेताहरु समानुपातिक उम्मेदवार छनौट लगायतका विषयमा व्यस्त रहेको आफैँ पनि काठमाडौँमा रहेकाले मन्त्रिमण्डल विस्तारमा ढिलाइ भएको बताए ।
यसैबीच जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच एकीकरण भएपछि मधेश प्रदेशको सबैभन्दा ठूलो दल बनेको जसपा नेपालले प्रदेश सरकारमा अहिलेभन्दा बढी मन्त्रालयमा दाबी गरेपछि मन्त्रालय भागबण्डा टुंग्याउन सकस भइरहेको श्रोतको दाबी छ ।
तर मुख्यमन्त्री यादवले जसपा लोपाबीचको एकिकरणले यसमा कुनै प्रभाव नपरेको बताए । स्रोतका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय जसपा नेपालले पाउने विषय लगभग टुंगो लागिसकेको छ भने अन्य दुई मन्त्रालयमा समेत उसले आफ्नो दाबी गरेको छ ।
सरकारमा सहभागी दलहरूले आफ्नो संख्यात्मक हैसियतभन्दा बढी मन्त्रालयमाथि दाबी गर्न थालेपछि मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदै आएको हो ।
मधेश प्रदेश सरकारअन्तर्गत कुल ११ मन्त्रालयमध्ये हालसम्म पाँच जना मन्त्री मात्र नियुक्त भएका छन् । बाँकी छ वटा मन्त्रालयको जिम्मेवारी हाल मुख्यमन्त्री यादवले नै सम्हाल्दै आएका छन् । यसअघि बसेका सत्तारुढ दलहरूको बैठक पनि मन्त्रालय भागबण्डामै अड्किएर निष्कर्षविहीन बनेका थिए ।
नेपाली कांग्रेसका कृष्ण यादव नेतृत्वको मधेश प्रदेश सरकार सात दलीय गठबन्धनको समर्थनमा मंसिर १९ गते गठन भएको थियो ।

# एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्ने सम्मानित हुँदै





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले चिकित्सा शिक्षा आयोगद्वारा सञ्चालित शैक्षिक सत्र २०८२ को एमबीबीएस प्रवेश परीक्षामा पूर्ण निःशुल्क छात्रवृत्तिमा उत्तीर्ण भएका मधेशी दलित समुदायका विद्यार्थीलाई सम्मान गर्ने भएको छ । प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले सूचना जारी गर्दै सम्मान कार्यक्रम आयोजना गरिने जानकारी दिएको हो ।
सूचनाअनुसार एमबीबीएस प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा सफल मधेशी दलित समुदायका विद्यार्थीले आवश्यक कागजातसहित मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ ।
मन्त्रालयले पुस १८ गते शुक्रबार कार्यालय समयभित्र जनकपुरधामस्थित शिक्षा तथा संस्कृति मन्त्रालयमा निवेदन बुझाउन अनुरोध गरेको छ । निवेदनसँगै सम्पर्क नम्बर उल्लेख गरिएको निवेदन पत्र, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, मधेशी दलित समुदायको प्रमाणपत्र, बैंकको नाम तथा खाता नम्बर, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र र छात्रवृत्तिमा नाम प्रकाशित भएको आधिकारिक कागजात अनिवार्य रूपमा संलग्न गर्नुपर्ने मन्त्रालयले जनाएको छ ।
शिक्षा तथा संस्कृति मन्त्रालयका अनुसार दलित तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई उच्च शिक्षातर्फ प्रोत्साहित गर्ने उद्देश्यले सम्मान कार्यक्रम आयोजना गर्न लागिएको हो । कठिन प्रतिस्पर्धाबीच चिकित्सा शिक्षा जस्तो महँगो र चुनौतीपूर्ण क्षेत्रमा पूर्ण छात्रवृत्तिमा सफलता हासिल गर्नु गर्वको विषय भएकाले प्रदेश सरकारले उनीहरूको उपलब्धिलाई औपचारिक रूपमा कदर गर्न लागेको मन्त्रालयको भनाइ छ ।
मन्त्रालयका अधिकारीहरूले यस प्रकारका कार्यक्रमले मधेशी दलित समुदायका अन्य विद्यार्थी लाई पनि चिकित्सा शिक्षा तथा उच्च शिक्षामा अघि बढ्न थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका छन् । सम्मान कार्यक्रमको मिति र स्वरूप भने निवेदन संकलनपछि सार्वजनिक गरिने जनाइएको छ ।
प्रदेश सरकारले समावेशी शिक्षा नीतिअन्तर्गत पछाडि पारिएका समुदायका प्रतिभाशाली विद्यार्थीको पहिचान र सम्मान गर्दै आएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# मधेशमा ७ लाख २६ हजार मतदाता थपिए



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मधेश प्रदेशमा ३६ लाख ३६ हजार ४ सय १३ मतदाताको नाम मतदाता नामावलीमा अद्यावधिक भएको छ । निर्वाचन आयोगको मधेश प्रदेश कार्यालयका अनुसार प्रदेशभर २ हजार १ सय ६० मतदान केन्द्र र ४ हजार ४ सय ७१ मतदान स्थल तोकिएका छन् । प्रदेश निर्वाचन कार्यालयका प्रमुख रोमबहादुर महतका अनुसार अद्यावधिक मतदातामध्ये पुरुष १९ लाख ७२ हजार ९ सय ६४, महिला १६ लाख ६३ हजार ३ सय ७४ र अन्य ७६ जना छन् । यो संख्या २०७९ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको तुलनामा उल्लेखनीय रूपमा बढेको हो ।
२०७९ सालको निर्वाचनमा मधेश प्रदेशमा पुरुष १५ लाख ७७ हजार ३ सय १७, महिला १३ लाख ३२ हजार ६ सय ४० र अन्य ६६ गरी कुल २९ लाख १० हजार २३ मतदाता थिए । पछिल्लो अद्यावधिकसँगै मधेश प्रदेशमा ७ लाख २६ हजार ३ सय ९१ नयाँ मतदाता थपिएको निर्वाचन आयोगले जनाएको छ ।
२०७८ सालको राष्ट्रिय जनगणनाअनुसार मधेश प्रदेशमा १५ वर्षदेखि ८४ वर्ष उमेर समूहको जनसंख्या ४० लाख ८४ हजार ३ सय ५८ छ । तीमध्ये हालसम्म ३६ लाख ३६ हजार ४ सय १४ जनाको नाम मात्र मतदाता नामावलीमा दर्ता भएको देखिन्छ ।
निर्वाचन कार्यालयका अनुसार मधेश प्रदेशमा अझै हजारौँ व्यक्ति नागरिकताबाट वञ्चित रहेका कारण मतदाता नामावलीमा नाम समावेश हुन नसकेको अवस्था छ । नागरिकता प्राप्तिको समस्या समाधान भएमा मतदाता संख्या थप बढ्ने अनुमान गरिएको छ ।

# किर्ते हस्ताक्षरमा उम्मेदवार सिफारिश गरिएको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
निर्वाचन आयोगमा समानुपातिकतर्फका उम्मेदवारहरूको सूची बुझाएको भोलिपल्टै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) महोत्तरीमा आन्तरिक विवाद चुलिएको छ । उम्मेदवार सिफारिस प्रक्रियामा किर्ते हस्ताक्षर प्रयोग गरिएको आरोप लागेपछि जिल्ला कमिटीले केन्द्रमा पठाएको सूची विवादित बनेको हो ।
नेकपाका केन्द्रीय सदस्य वीरेन्द्र यादवले आफू पाँच सदस्यीय सिफारिस कार्यदलको सदस्य हुँदाहुँदै पनि योजनाबद्ध रूपमा बाइपास गरिएको दाबी गरेका छन् । जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा यादवले आफ्नो वास्तविक हस्ताक्षर भएको सूची केन्द्रमा नपठाई नक्कली हस्ताक्षर प्रयोग गरिएको अर्कै सूची पठाइएको आरोप लगाए ।
उनका अनुसार महोत्तरीका निर्वाचन क्षेत्रबाट उम्मेदवार सिफारिस जिल्ला भित्रै बसेर गर्नुपर्ने हो तर जनकपुरधामस्थित एक होटलमा कार्यदलका अन्य सदस्यले आफूलाई जानकारी नै नदिई प्रक्रिया अघि बढाएको आरोप लगाए ।
'मलाई पूर्ण रूपमा बेवास्ता गर्दै उम्मेदवार सिफारिस गरियो,' यादवले भने, 'यसले महोत्तरीका नेता–कार्यकर्ताबीच गम्भीर असन्तोष फैलिएको छ ।'
यादवले यस विषयमा पार्टीका शीर्ष नेतृत्वलाई पटक–पटक जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरेका छन् । उल्टै कारबाही गर्ने चेतावनी दिइएको भन्दै उनले पार्टीभित्रको आन्तरिक लोकतन्त्र नै संकटमा परेको बताए ।
किर्ते हस्ताक्षरमार्फत उम्मेदवार सिफारिस प्रक्रियामा संलग्न भएको आरोप लगाउँदै यादवले प्रकाशहरि अधिकारी र विजय चौधरीले पार्टी हितविपरीत काम गरेको ठहर गर्दै उनीहरूमाथि तत्काल कारबाहीको माग गरेका छन् ।

## सम्पादकीय

# मन्त्रिपरिषद् विस्तारमा विलम्ब

मधेश प्रदेशमा मुख्यमन्त्री कृष्ण प्रसाद यादव नियुक्त मात्र भएनन् । उनले विश्वासको मत पनि पाइसके । तर मन्त्रिपरिषद् विस्तारमा भने उनले किन आलटाल गरिरहेका छन्, यसको मेसो पाइएको छैन । उसो त एमालेले विश्वासको मत दिनु नै यो सरकार कुनै पनि बेला भत्कने संकेत हो । किनभने केन्द्रमा अहिले पनि सबैको घेराबेरामा एमाले र कांग्रेस नै छ । एमाले र कांग्रेसका शीर्ष दुई नेताको मिलन अहिले पनि बेजोडको देखिएको छ । एमालेले मधेशमा कांग्रेस नेतृत्वको सरकारलाई विश्वासको मत दिनु, २२ दिनमै अपमान गेरर लखेटिएको गठबन्धनप्रति एमाले नरम हुनुको संकेत कुनै पनि बेला एमाले कांग्रेस मिल्ने अवस्था हो । यतिखेर चैँ फेरि जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालको मिलन पनि अर्को अस्थिरताको आगो बाल्न शुरु भएको भनेर बुझ्दा हुन्छ । जनमतले देखाएको असन्तुष्टिको आगो सल्किरहेकै छ । यस्तो बेला एउटा मन्त्रालयको टुंगो लगाउन मुख्यमन्त्री यादवलाई परेको भारीको भार चानचुने छैन।

उनले मुख्यमन्त्री नियुक्त हुने दिन पनि ऋषि धमलासँग आज सात पार्टीबाट सात मन्त्री बनाउँछु भनेका थिए । तर सम्भव भएन । पहिलो दिन नै उनलाई परेको चोटको सायद हिसाबकिताब अझै मिलेको छैन र मन्त्रिपरिषद् विस्तारमा उल्झन देखिएको छ । उनको नेतृत्वमा नयाँ सरकार गठन भएको झण्डै एक महिना पुग्न लाग्दा पनि मन्त्रिमण्डलले पूर्णता पाउन नसक्नु यसैको द्योतक हो । सरकार गठनसँगै चुस्त, प्रभावकारी र जनमुखी शासन सञ्चालन गर्ने उनको प्रतिबद्धता पनि कमलाको किनारामा चल्ने स्याँठले उडाइदिएको देखिन्छ । मङ्सिर १९ गते प्रदेश प्रमुखको कार्यालयबाट मुख्यमन्त्रीमा नियुक्त भएका यादवले पुस ४ गते प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरिसदा पनि मन्त्रिपरिषद् विस्तारबारे केही नबोल्नुको अर्थ के होला ? सरकारको कार्यक्षमता र स्थायित्वमा यसले पार्ने प्रभावबारे सायद यादव जानकार नै छन् । प्रदेश सरकारअन्तर्गत ११ वटा मन्त्रालय रहेकामा पाँच जना मात्र मन्त्री बनेर झण्डा हल्लाउँदै हिँडिरहेका छन् । बाँकी छ मन्त्रालयको भार मुख्यमन्त्रीसँग छ । यसले प्रशासनिक निर्णय, नीति कार्यान्वयन तथा सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ । पुस बित्न लाग्दा पनि विकासे कामको टुंगो भएको छैन । अर्कातिर जसपा नेपाल, जनमत पार्टी, नेपाली कांग्रेस, माओवादी केन्द्र, लोसपा र एकीकृत समाजवादी पार्टी सरकारलाई पूर्णता दिने भन्दा मालदार मन्त्रालयमा रुचि गरिरहेका छन्।

दलहरूभित्र आन्तरिक छलफल, मन्त्री छनोट तथा आवश्यक प्रक्रियाका कारण समय लागेको कांग्रेसको बनिबनाउ उत्तर छ । मन्त्रिमण्डल अपूर्ण रहँदा प्रदेशको सुशासन, विकास निर्माण तथा दैनिक प्रशासनिक कामकाज भने प्रभावित बनेकोबारे सात दल मौन छन्।

# सन २०२५: अनिश्चितताले घेरेको विश्व अर्थतन्त्र



हेमन्त जोशी

सन् २०२५ मा विश्व अर्थतन्त्रले उच्च ब्याजदर तथा मुद्रास्फीति, आपूर्ति श्रृंखलामा आएको परिवर्तन, मानवीय सहायता रकममा चरम कटौती, सार्वजनिक ऋणको बढ्दो आँकडाजस्ता चुनौतीको सामना गर्नुपर्यो । संयुक्त राष्ट्रसङ्घ (युएन), अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), विश्व आर्थिक मञ्च (डब्लुइएफ) लगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले उच्च मुद्रास्फीति, बढ्दो ऋण, भू–राजनीतिक तनाव, प्रविधि क्षेत्रमा आएको सुस्तता, जलवायु सङ्कट र श्रम बजारमा देखिएको संरचनात्मक परिवर्तनले सन् २०२५ लाई चुनौतीपूर्ण आर्थिक वर्षका रूपमा चित्रित गरेका छन् । यस वर्ष सबैभन्दा ठूलो चिन्ता मुद्रास्फीति र ब्याजदरको विषय बनेको छ । धेरै मुलुकका केन्द्रीय बैंकहरूले कडा मौद्रिक नीतिका बाबजुद मुद्रास्फीति नियन्त्रणमा ल्याउन सङ्घर्ष गरिरहेका छन् । यसको प्रत्यक्ष असर उपभोग, पुँजीबजार र घरजग्गा जस्ता क्षेत्रमा देखिएको छ । त्यस्तै, सार्वजनिक र निजी क्षेत्रको ऋण ऐतिहासिक उच्च स्तरमा पुगेको छ । बढ्दो ब्याजदरका कारण ऋणको सेवा खर्च बढ्दा सरकारहरूका बजेटमा ठूलो दबाब परेको छ भने निजी क्षेत्रको लगानी क्षमता खुम्चिएको छ । विशेष गरी विकासशील र उदीयमान अर्थतन्त्रहरू ऋण सङ्कटको जोखिमतर्फ धकेलिँदै गएको विश्व बैंकले उल्लेख गरेको छ।

त्यस्तै, भू–राजनीतिक विभाजन र व्यापार युद्ध अर्को गम्भीर चुनौतीका रूपमा देखिएको छ । अमेरिका–चीन प्रतिस्पर्धा, युक्रेन–रुस युद्ध, मध्यपूर्वको अस्थिरता र संरक्षणवादी नीतिका कारण विश्व व्यापार प्रणाली झन् खण्डित हुँदै गएको छ । बढ्दो भन्सार शुल्क र व्यापार अवरोधले आपूर्ति श्रृंखला अव्यवस्थित बनाएको छ । जसले उत्पादन लागत बढाउनुका साथै विश्व व्यापारको वृद्धिदर घटाएको छ।

प्रविधि क्षेत्र विशेष गरी कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा तत्काल प्रतिफल नआउँदा यस क्षेत्रका लगानीकर्ताहरू सतर्क बनेका छन्। यसले प्रविधि कम्पनीहरूको लगानी कटौती, रोजगारी घट्ने र शेयर बजारमा अस्थिरता बढाएको छ । प्रविधि क्षेत्रको सुस्तताले समग्र आर्थिक वृद्धिमा समेत नकारात्मक प्रभाव पारेको विश्लेषण गरिएको छ।

जलवायु परिवर्तनको आर्थिक लागत झन् गहिरिँदै गएको छ । बाढी, सुक्खा र प्राकृतिक प्रकोपका कारण कृषि, पूर्वाधार र बीमा क्षेत्रमा ठूलो क्षति भइरहेको छ । त्यस्तै, श्रम बजारमा पनि दीर्घकालीन संरचनात्मक समस्या देखिएको छ। विकसित मुलुकहरूको जनसंख्यामा काम गर्ने युवा र वयस्क उमेर समूहको तुलनामा वृद्ध व्यक्तिहरूको वृद्धिदर बढ्न थालेको छ । जसकारण श्रमिक अभाव, पेन्सन र स्वास्थ्य खर्चको बोझ बढ्दो छ । यसले उत्पादनशीलता घटाउनुका साथै सामाजिक सुरक्षा प्रणालीमा दबाब सिर्जना गरेको छ।

**अन्तर्राष्ट्रिय आप्रवासन अर्को संवेदनशील**

आर्थिक–राजनीतिक मुद्दा बनेको छ । श्रम अभाव पूर्ति गर्न आप्रवासी श्रमिक आवश्यक भए पनि सामाजिक असन्तोष, राजनीतिक विरोध र मानवीय सङ्कटले सरकारहरूलाई जटिल निर्णय लिन बाध्य बनाएको छ।

मुद्रास्फीति, युद्ध, ऋण सङ्कट र नीतिगत अनिश्चितताका कारण शेयर, मुद्रा र ऋणपत्र बजारमा तीव्र उतार–चढाव देखिएको छ । यसले लगानीकर्ताको विश्वास कमजोर बनाएको छ । आपूर्ति श्रृङ्खलाका अवरोध बढ्दै गएका छन् । युद्ध, संरक्षणवाद र क्षेत्रीयकरणका कारण कच्चा पदार्थदेखि उपभोक्ता वस्तुसम्म आपूर्ति अवरोध देखिन थालेका छन् । मूल्य र उत्पादन दुवै प्रभावित बनाएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ को विश्व वृद्धिदर महामारीअघिको औसतभन्दा तल रहने अनुमान छ । 'वल्ड इकोनोमिक आउटलुक–अक्टोबर २०२५' अनुसार विश्व आर्थिक वृद्धिदर २०२४ को ३.३ प्रतिशतबाट घटेर २०२५ मा ३.२ प्रतिशत र २०२६ मा ३.१ प्रतिशतमा खुम्चिने अनुमान गरिएको छ।

**अमेरिकाले छेडेको 'ट्यारिफ वार'**

आफ्नो दोस्रो कार्यकालका लागि ह्वाइटहाउस फर्किएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आक्रामक भन्सार (ट्यारिफ) नीतिका कारण यो वर्ष विश्व बजार र आपूर्ति श्रृंखला नराम्रोसँग खल्बलियो । व्यापार घाटा घटाउने नाममा प्रमुख व्यापारिक साझेदारमाथि नयाँ–नयाँ भन्सार कर घोषणा गर्दै ट्रम्प प्रशासनले तय गरेका नीतिका प्रभाव संसारभर देखिए । यो नीतिबाट घरेलु उत्पादन संरक्षणको दाबी गरिए पनि यसले अमेरिकाको आयात महङ्गिदा अमेरिकी उपभोक्तामाथि मूल्यवृद्धिको बोझ मात्रै थपेन व्यापारिक साझेदार देशहरूको प्रतिशोधात्मक कदमले बहुपक्षीय व्यापार प्रणाली झन् कमजोर बन्न पुग्यो । कार्यकाल सम्हालेको तीन महिनामै तीन ठूला व्यापारिक साझेदार क्यानाडा, मेक्सिको र चीनमाथि अतिरिक्त भन्सार कर थपियो । अमेरिकी व्यापारमा 'लिबरेसन डे'को नाम दिँदै ट्रम्पले गत अप्रिलमा विश्वका अधिकांश देशमाथि व्यापक भन्सार कर घोषणा गरे । यसबीचमा अमेरिकाको चीनसँगको व्यापार युद्ध अझ तीव्र बन्यो । अमेरिका र चीनबीच एक–अर्कामाथि करको दर क्रमशः १४५ प्रतिशत र १२५ प्रतिशतसम्म पुगेको थियो । त्यस्तै, गत अगस्टमा अमेरिकाले युरोपेली सङ्घ (इयु) सहित ६० भन्दा बढी देशमाथि उच्च भन्सार कर लागु गर्यो । क्यानाडामाथि कर ३५ प्रतिशत पुर्याइयो भने ब्राजिल र भारतबाट आउने वस्तुमा ५० प्रतिशत कर लागु गरियो । विश्वभर आयात हुने तामामा ५० प्रतिशत कर लगाइयो । साना मूल्यका आयातमा कर छुट दिने 'डे मिनिमिस' नियम खारेज हुँदा अनलाइन व्यापारसमेत प्रभावित भयो । वर्षको अन्त्यतिर ट्रम्प प्रशासनले लागु गरेको भन्सार विवाद अदालतसम्म पुग्यो । समग्रमा, सन् २०२५ मा ट्रम्पको भन्सार नीतिले अमेरिकी अर्थतन्त्र मात्र होइन, विश्व व्यापार व्यवस्थालाई समेत अस्थिर बनाएको छ । संरक्षणवादको नाममा सुरु गरिएको यो आक्रामक रणनीतिले दीर्घकालीन रूपमा अमेरिका स्वयंलाई कति फाइदा पुर्याउँछ भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ।

**सुन, चाँदी र प्लेटिनमको मूल्य हालसम्मकै उच्च**

सन् २०२५ मा सुन, चाँदी र ल्पेटिनमको मूल्य ऐतिहासिक विन्दुमा पुग्यो । डिसेम्बर २७ मा अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस चार हजार ५४५ अमेरिकी डलर नाघ्दा चाँदी प्रतिऔँस ७९ डलर नाघेको छ । यो हालसम्मकै उच्च मूल्य हो । पछिल्लो एक वर्षमा मात्रै चाँदीको मूल्य १४६ प्रतिशतभन्दा बढीले बढेको छ, जुन सन् १९७९ यताकै सबैभन्दा ठूलो वार्षिक वृद्धिदर हो । त्यस्तै, प्लेटिनमको मूल्य प्रतिऔँस दुई हजार पाँच सय नाघेको छ । ब्याजदर कटौती र भन्सार (ट्यारिफ) सम्बन्धी अनिश्चितताले सुन, चाँदी र प्लेटिनमको मूल्य यस वर्ष ऐतिहासिक उच्च विन्दुमा पुगेको हो ।

**सङ्कुचित श्रम बजार**

यो वर्ष विश्व श्रम बजारले सङ्कुचनको सामना गर्यो । ठूला कम्पनीहरू महामारीपछिका वर्षहरूमा देखिएको आक्रामक भर्ती रणनीतिबाट पछि हटे । उम्मेदवारको मूल्याङ्कन गर्न बढी समय लिने, थप पृष्ठभूमि जाँच गर्ने र अन्तर्वार्ताको चरण लम्ब्याउने प्रवृत्ति बढ्यो । मानव संसाधन परामर्श संस्था रोबर्ट हाफका अनुसार ९३ प्रतिशत कर्मचारी भर्ती प्रबन्धकहरूले दुई वर्षअघिको तुलनामा अहिले भर्ती प्रक्रिया लामो भएको बताएका छन् । भन्सार शुल्कसम्बन्धी नीतिका कारण आर्थिक अनिश्चितता बढ्नु, एआईको तीव्र प्रयोग, उच्च मुद्रास्फीति र ब्याजदरलगायतका कारण कम्पनीहरूले कर्मचारी कटौतीको रणनीति लिए । कम्पनीहरूले डिजिटल दक्षता, अनुकूलन क्षमता र एआईसँग काम गर्न सक्ने क्षमता भएका कर्मचारीलाई प्राथमिकतामा राखेको रोबर्ट हाफले उल्लेख गरेको छ । जसकारण औपचारिक डिग्रीभन्दा सीप र प्रत्यक्ष क्षमतामा आधारित भर्ती सन् २०२५ मा व्यापक बन्यो । आर्थिक सहकार्य तथा विकास सङ्गठन (ओइसिडी) ले भने यस वर्ष श्रमबजार सुधार उन्मुख देखिएको उल्लेख गरेको छ । बेरोजगारी दर सन् २०२२ अप्रिलयता पाँच प्रतिशतभन्दा कम रहेको ओइसिडीले जनाएको छ।

**सहायता कटौतीको वर्ष**

सन् २०२५ मा उच्च आय भएका मुलुकहरूले वैदेशिक सहायता र विकास सहयोगका शीर्षकमा ठूलो रकम कटौती गरेसँगै विश्वव्यापी मानवीय सहायता प्रणाली सङ्कटमा परेको छ । संयुक्त राष्ट्रसङ्घ (युएन) ले यसलाई अन्तर्राष्ट्रिय मानवीय सहायताको क्षेत्रमा इतिहासमै सबैभन्दा ठूलो र तीव्र बजेट कटौतीका रूपमा व्याख्या गरेको छ । यस कटौतीका कारण मानवीय तथा आप्रवासनसम्बन्धी संस्थाहरू कमजोर बनेका छन् भने उनीहरूमा निर्भर लाखौँ मानिसको जीवन थप जोखिममा परेको छ।

सन् २०२५ को मध्यसम्म आइपुग्दा विश्वव्यापी मानवीय सहायता अघिल्लो वर्षको तुलनामा करिब ४० प्रतिशतले घटिसकेको माइग्रेसन पोलिसी इन्स्टिच्युटले उल्लेख गरेको छ । सहायता कटौतीको प्रत्यक्ष मार शरणार्थी र द्वन्द्व तथा प्राकृतिक विपत्तिबाट प्रभावित समुदायले भोगिरहेका छन् । खाद्य सहायता घटाइएको छ, स्वास्थ्य चौकीहरू बन्द भएका छन् र विपद्को जोखिम अझ बढेको छ। उदाहरणका लागि, म्यान्मास्थित विश्वकै सबैभन्दा ठूलो शरणार्थी बस्तीमध्ये एकमा सन् २०२५ को मध्यतिर अधिकांश विद्यालय अस्थायी रूपमा बन्द भए । जनवरीदेखि सेप्टेम्बरसम्म ती बस्तीमा गम्भीर कुपोषण भएका बालबालिकाको संख्या ११ प्रतिशतले बढ्यो भने बालविवाह र बालश्रमका घटना पनि बढेको प्रतिवेदनहरूमा उल्लेख छ । त्यस्तै, अफ्रिकी मुलुक चाड र दक्षिण सुडानको सीमामा शरणार्थीहरू सुरक्षित स्थानमा सार्नका लागि आवश्यक यातायात खर्चसमेत नभएपछि हजारौँ मानिस सीमामै अलपत्र परे । केन्याको काकुमा शरणार्थी शिविरमा खाद्यान्न कोटा घटाइएपछि हिंसात्मक प्रदर्शन भए र त्यसको परिणामस्वरूप छ हजारभन्दा बढी दक्षिण सुडानी शरणार्थी आफ्नै असुरक्षित देश फर्किन बाध्य भए।

माइग्रेसन पोलिसी इन्स्टिच्युटका अनुसार सन् २०३० सम्ममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) लगभग निष्क्रिय बनेको अवस्थामा मात्रै एक करोड ४० लाखभन्दा बढी व्यक्ति प्रत्यक्ष प्रभावित हुनेछन् । यस वर्षको मानवीय सहायता कटौती केवल अमेरिका मात्र सीमित नभई क्यानाडा, बेलायत, इयुका देशहरू र दक्षिण कोरियाले पनि सहायता बजेट घटाएका छन्।

मानवीय सहायता रकम घटेसँगै त्यसको प्रभाव विभिन्न गैरसरकारी संस्थाहरूमा देखिन थालेको छ । संयुक्त राष्ट्रसङ्घीय निकाय युएनएचसिआरले आफ्नो बजेट एक चौथाइले घटाउने योजना बनाएको छ र अक्टोबरसम्म आइपुग्दा करिब पाँच हजार कर्मचारी बर्खास्त गरिसकेको छ । विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले सन् २०२६ सम्ममा २५ प्रतिशतभन्दा बढी कर्मचारी कटौती गर्ने तयारी गरिरहेको छ, जसका कारण छ हजारभन्दा बढी रोजगारी गुम्नेछन् । साना–ठूला सबैखाले गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरू पनि यही सङ्कटबाट गुज्रिरहेका छन्।

**अर्बपतिको संख्यामा अभूतपूर्व वृद्धि**

विश्वका सबैभन्दा धनी व्यक्तिहरूको सम्पत्ति सन् २०२५ मा तीव्र रूपले बढेको छ । अमेरिकी बिजनेस म्यागजिन फोब्र्सका अनुसार यस वर्ष मात्र विश्वभर ३४० भन्दा बढी नयाँ अर्बपति थपिएका छन । अर्थात् लगभग दिनमा एकजना अर्बपतिको उदय भएको छ । यो वृद्धि मुख्य रूपमा अमेरिका, चीन, भारत, रुस लगायतका ठूला अर्थतन्त्रहरूमा देखिएको छ । विश्वभर १९ जना व्यक्ति अब 'सेन्टिबिलियनेयर' (सय अर्ब अमेरिकी डलरभन्दा बढी सम्पत्ति भएको व्यक्ति) बनेका छन् । यही डिसेम्बर १९ मा इलन मस्क ७०० अर्ब डलर सम्पत्ति पुग्ने पहिलो व्यक्ति बन्नुभएको छ।

**एआई दौडमा 'म्याग्निफिसेन्ट सेभेन**

यो वर्ष विश्व प्रविधि बजारका लागि ऐतिहासिक मात्र नभई विवादास्पद वर्ष पनि बन्यो । कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) को वर्चस्व स्थापित गर्ने होडमा विश्वका ठूला प्रविधि कम्पनीहरू एप्पल, माइक्रोसफ्ट, अमेजन, अल्फाबेट, मेटा, एनभिडिया र टेस्ला अग्रपङ्क्तिमा देखिए । 'म्याग्निफिसेन्ट सेभेन' नामले चिनिने यी सात कम्पनीले पुँजीबजारमा उत्साह र त्रास उत्तिकै देखाए । वर्षान्तसम्म आइपुग्दा यी कम्पनीको कुल बजार पुँजीकरण करिब करिब २२ ट्रिलियन (२२० खर्ब) अमेरिकी डलर हाराहारी पुगेको थियो । जुन अमेरिकी सेयर बजारको करिब एकतिहाइ हिस्सा हुन जान्छ । वर्षको सुरुआतमै चिनियाँ स्टार्टअप 'डिपसिक' सबैभन्दा धेरै डाउनलोड हुने एप बनेपछि एआई क्षेत्रमा ठूलो तहल्का मच्चियो । किनकि कम लागतमा विकास गरिएको डिपसिकको 'आर–१' मोडेलले एनभिडियाका महँगा चिप र सफ्टवेयरमा आधारित एआई प्रणालीलाई ठाडो चुनौती दिएको थियो । डिपसिकको उदयले म्याग्निफिसेन्ट सेभेनको शेयर मूल्यमा गिरावट मात्र देखिएन गत अप्रिल ३ मा अमेरिकी पुँजीबजार वालस्ट्रिटमा सबैभन्दा ठूलो गिरावटसमेत देखियो । तर, गत जुलाईमा एमआइटीले 'द जेनेरेसन एआई डिभाइडः स्टेट अफ एआई इन बिजनेस–२०२५' सार्वजनिक गर्दै ९० प्रतिशतभन्दा बढी संस्थाले जेनेरेटिभ एआईबाट शून्य प्रतिफल पाएको दाबी गरेपछि प्रविधि सेयर हल्लियो । निकै कमजोर नतिजा देखाएको एआईले चाहिनेभन्दा बढी प्राथमिकता पाएको उक्त प्रतिवेदन सार्वजनिक भएसँगै त्यस्ता कम्पनीको शेयर मूल्य घट्न थाल्यो भने एनभिडिया ५० खर्ब डलर मूल्य पुग्ने विश्वकै पहिलो कम्पनी बन्यो । यही तीव्र उतारचढावका कारण एआई कम्पनीको पुंजिबजारलाई विश्लेषकहरूले 'पानीको फोका'सँग तुलना गरेका छन्।

**अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीनजनालाई**

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले सन् २०२५ को अर्थशास्त्रतर्फको नोबेल पुरस्कार तीन अर्थशास्त्री जोएल मोकिर, फिलिप एघियोन र पिटर हाउइटलाई नवप्रवर्तनमा आधारित आर्थिक वृद्धिको व्याख्या गरेवापत प्रदान गर्यो । जोएल मोकिरले प्रविधिका क्षेत्रमा भएको प्रगतिले कसरी दिगो आर्थिक वृद्धि सम्भव छ भन्ने विषयलाई व्याख्या गरेका थिए भने फिलिप एघियोन र पिटर हाउइटले 'सृजनात्मक विनाश' (क्रियटिभ डिस्ट्रक्सन)को सिद्धान्त विकास गरेका थिए । नयाँ प्रविधिले पुराना उत्पादन र प्रणालीलाई विस्थापित गर्दै दीगो आर्थिक वृद्धि, जीवनस्तर र समृद्धिको आधार तयार गर्ने तथा यसका लागि खुला समाज, प्रतिस्पर्धी र नवप्रवर्तनमैत्री वातावरण आवश्यक रहेको अर्थशास्त्रीहरूको निष्कर्ष छ । रासस

# सुत्केरी उद्धारमा सेनाको प्रेरक भूमिका

सङ्गीता राई

दुर्गम पहाडी तथा विकट भेगमा जहाँ सडक पहुँच छैन, एम्बुलेन्स सञ्चालन गर्न नसकिने र अस्पताल पुग्न दुई–तीन दिन लाग्ने अवस्था छ, त्यहाँ नेपाली सेनाको हेलिकप्टर आकस्मिक उद्धारको महत्वपूर्ण माध्यम बनेको छ । गर्भवती र सुत्केरी महिलाका लागि यस्तो उद्धार धेरै जिल्लामा जीवन जोगाउने प्रमुख विकल्प बनेको छ।

असोज २१ गते भोजपुरको रामप्रसादराई गाउँपालिका–१ ओख्रेबाट ३९ वर्षीया सुत्केरी महिला निर्मला राई र उनीका नवजात शिशुलाई सेनाको हेलिकप्टरमार्फत उद्धार गरी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्‍याइएको थियो । असोज महिनामा निरन्तर वर्षाका कारण बाटो भत्किएको र स्थलमार्गबाट अस्पताल लैजान नसकिने अवस्था थियो । सेनाको हेलिकप्टर उद्धारले जीवन र मृत्युबीचको संवेदनशील घडीमा राहत पुगेको र नेपाली सेनाको प्रेरक भुमिकाको एक उदाहरण बन्यो।

निर्मलाका श्रीमान् अनुपकुमार राईले भने, 'असोजको महिना, त्यही पनि पहाडको ठाउँ, पानी परेर बाटो सबै भत्किएको थियो बच्चा समयभन्दा केही छिटो जन्मिएकाले समयमा उपचार नपाए गाह्रो हुने डर थियो ।' सेनाको हेलिकप्टरमार्फत आमा र बच्चालाई धरान पुर्‍याएपछि विस्तारै स्वास्थ्यमा सुधार हुँदै गयो । त्यहाँ १३ दिनको उपचारपछि राई दम्पत्ती गाउँ फर्कियो । उनी भन्छन्, 'सङ्कटको बेला सेनाको हेलिकप्टर, स्थानीय स्वास्थ्यकर्मी र स्थानीय प्रशासन हाम्रो लागि जीवनदायी सावित हुनुभयो । त्यो दिन उनीहरू हाम्रो परिवारका लागि भगवान सरह हुनुभयो।'

सैनिक प्रवक्ता एवम् सहायक रथी राजाराम बस्नेतका अनुसार दुर्गम तथा पहुँचविहीन क्षेत्रमा आकस्मिक अवस्थामा परेका गर्भवती र सुत्केरी महिला उद्धार सरकारको निर्णयअनुसार नियमित रूपमा हुँदै आएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सुत्केरी महिला उद्धारकार्य सञ्चालन हुँदै आएको छ । यसमा सेनाले सम्बन्धित मन्त्रालय, स्थानीय सरकार स्थानीय प्रशासन र स्वास्थ्य संस्थासँग समन्वय गरी आकस्मिक अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलालाई अस्पतालसम्म पुर्‍याउने काम गर्दै आएको छ । यसले मातृ तथा नवजात शिशुको ज्यान जोगाउन निर्णायक भूमिका खेलेको छ।

भोजपुरको उद्धार कुनै एकल घटना होइन, यस्ता उद्धार नेपाली सेनाले देशका विभिन्न दुर्गम जिल्लामा नियमित रूपमा गर्दै आएको छ । सडक र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच सीमित हुँदा सेनाको उद्धार नै अन्तिम विकल्प बन्ने गरेको छ । पछिल्ला वर्षमा सेनाको हेलिकप्टरमार्फत सयौँ गर्भवती र सुत्केरी महिलाको समयमै उद्धार भएको छ । स्वास्थ्य पूर्वाधार कमजोर रहेका दुर्गम भेगमा सेनाको यस्तो भूमिका केवल उद्धारमा मात्र सीमित छैन, यसले राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व गाउँगाउँसम्म पुर्‍याएको छ।

जनताको पहुँच अस्पतालभन्दा टाढा छ, त्यहाँ सेनाको हेलिकप्टर आज पनि जीवनको देवदूत बनेर उडिरहेको छ । सेनाको तथ्याङ्कअनुसार गत तीन आर्थिक वर्षमा देशका विभिन्न दुर्गम जिल्लाबाट हेलिकप्टरमार्फत ३ सय १६ गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको छ । आर्थिक वर्ष २०८०–८१ मा १ सय ३९ जना, आव २०८१–८२ मा १३८ जना र चालु आवको मङ्सिरसम्ममा ३९ जना उद्धार भएका छन् । सैनिक प्रवक्ता बस्नेतका अनुसार सडक पहुँच नभएका दुर्गम पहाडी तथा हिमाली जिल्लामा यस्ता उद्धारले जीवन र मृत्युबीचको घडीमा मातृ तथा नवजात शिशुको ज्यान जोगाउन निर्णायक भूमिका खेलेको छ । दुर्गम भेगमा स्वास्थ्य पूर्वाधार कमजोर रहेकाले सेनाको हेलिकप्टरबाट उद्धार कार्यक्रमले राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व भूमिका खेलेको छ।

आकस्मिक अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै स्वास्थ्य सेवासम्म पुर्‍याउने उद्देश्यले सुर्खेतमा रहेको पश्चिम एयरवेसमा 'स्ट्यान्डबाई' हेलिकप्टर र स्काइ जहाज राखिएको छ, जसले सुदूरपश्चिमका जाजरकोट, हुम्ला, जुम्लालगायत जिल्लामा तत्काल उद्धार सहज बनाएको छ । सेनाको हेलिकप्टर उद्धार कार्यक्रमले मातृ तथा नवजात शिशुको ज्यान जोगाउने मात्र होइन, राज्यको उपस्थिति, भरोसा र मानवीय उत्तरदायित्व गाउँगाउँसम्म पुर्‍याएको प्रवक्ता बस्नेतले बताए । कोशी प्रदेशमा अन्य जिल्लाको तुलनामा खाँदबारी, सङ्खुवासभा र सोलुखुम्बु भौगोलिक विकटता तथा स्वास्थ्य सेवाको सीमित पहुँच रहेका जिल्लाबाट गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धारको संख्या उच्च रहेको छ।

नेपाली सेनाका अनुसार भौगोलिक रूपमा अत्यन्त विकट मानिने ओखलढुङ्गा जिल्लाबाट आव २०८०–८१ मा ३८, आव २०८१–८२ मा २१ तथा चालु आवको हालसम्म दुई गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ । संखुवासभा जिल्लाबाट आव २०८०–८१ मा १२ जना, आव २०८१–८२ मा १४ जना तथा चालु आवको हालसम्म दुई जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको सेनाको तथ्याङ्कमा उल्लेख छ । त्यसैगरी सोलुखुम्बु जिल्लाबाट भने आव २०८०–८१ मा सात, आव २०८१–८२मा चार तथा चालु आवको हालसम्म तीन गर्भवती र सुत्केरी महिलाको सेनाको हवाईमार्फत उद्धार गरिएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा सञ्चालन हुँदै आएको सुत्केरी महिला हवाई उद्धार कार्यक्रम संखुवासभामा नेपाली सेनाको भूमिका प्रभावकारी बन्दै गएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी रोशन श्रेष्ठले बताए । 'जटिल अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै उद्धार गरी आवश्यक उपचारका लागि उपयुक्त अस्पतालसम्म पुर्‍याउन सेनाले गर्दै आएको काम प्रशंसनीय छ,' उनले भने । उनका अनुसार गर्भवती, प्रसूति, सुत्केरी तथा नवजात शिशुको समयमै हवाई उद्धार गरिएकाले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था धेरै हदसम्म न्यूनीकरण भएको छ । समयमै उद्धार भएकै कारण मातृ तथा नवजात शिशुको ज्यान जोगाउन सकिएको उनीले उल्लेख गरे।

स्वास्थ्य कार्यालयका अनुसार उद्धार गरिएका महिलामध्ये लामो समयसम्म प्रसव बेथा लाग्ने, बच्चा जन्माउन कठिनाइ हुने, गर्भमै शिशुको मृत्यु हुने, शरीर अत्यधिक सुन्निने, अत्यधिक रक्तस्राव तथा गम्भीर रक्तअल्पताजस्ता जटिल समस्या देखिएका छन् । यस्तो अवस्थामा स्थानीय स्वास्थ्य चौकी वा प्रमुख जिल्ला अधिकारीमार्फत ज्यान जोखिममा रहेको जानकारी प्राप्त भएपछि सम्बन्धित मन्त्रालयसँगको समन्वयमा नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिँदै आएको छ।

भौगोलिक रूपमा दुर्गम रहेका सङ्खुवासभाका धेरै स्थानमा शल्यक्रियासहितको प्रसूति सेवा उपलब्ध नहुँदा गम्भीर अवस्थामा परेका गर्भवती तथा सुत्केरी महिलाको उपचार स्थानीय तहमा सम्भव नहुने अवस्था रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । विशेषज्ञ चिकित्सक, आवश्यक पूर्वाधार तथा उपकरणको अभावका कारण ग्रामीण तथा पहाडी बस्तीका महिला अझै पनि उच्च जोखिममा पर्ने गरेको जनाइएको छ । सेनाले उपलब्ध गराएको तथ्याङ्कअनुसार कोशी प्रदेशमा हवाई उद्धारको दृष्टिले ओखलढुङ्गा, संखुवासभा र सोलुखुम्बु जिल्लाबाट सबैभन्दा बढी गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको छ । दुर्गम भौगोलिक अवस्था, सडक सञ्जालको अभाव तथा प्रसूति सेवाको सीमितताका कारण यी जिल्लाबाट हवाई उद्धारको आवश्यकता बढी देखिएको सेनाले जनाएको छ।

सरकारले राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाली सेनाको सहकार्यमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै हवाई उद्धार गर्दै आएको छ । लामो प्रसव बेथा, बच्चा जन्मन कठिनाइ, गर्भमा शिशुको मृत्यु तथा सुत्केरीपश्चात् अत्यधिक रक्तस्रावजस्ता अवस्थामा यो सेवा प्रभावकारी सावित हुँदै गएको छ । दुर्गम भेगमा जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि सेनाको हवाई उद्धार कार्यक्रमले मातृ तथा नवजात शिशुको ज्यान जोगाउने मात्र होइन, राज्यको उपस्थितिलाई गाउँगाउँसम्म महसुस गराउँदै स्वास्थ्य सेवाप्रति भरोसा बढाउने काम भएको छ।

सैनिक प्रवक्ता बस्नेतका अनुसार जहाँ आवश्यक पर्छ, त्यहाँ सम्बन्धित निकायसँग समन्वय गरी जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको उद्धार नेपाली सेनाले गर्दै आएको छ। उद्धारको आवश्यकताअनुसार हवाई साधन परिचालन गरिने र हेलिकप्टरको क्षमता, मौसम तथा भौगोलिक उचाइ (अल्टिच्युड)लाई ध्यानमा राखी आवश्यक जनशक्ति खटाइने गरेको उनीले बताए । उद्धार टोलीमा विशेषगरी मेडिकलसम्बन्धी ज्ञान तथा तालिम प्राप्त सैनिकलाई प्राथमिकताका साथ परिचालन गरिने व्यवस्था छ।

दुर्गम भौगोलिक अवस्था, कमजोर पूर्वाधार र सीमित स्वास्थ्य सेवाबीच जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत नेपाली सेनाको हवाई उद्धार कार्यक्रम आशाको भरपर्दो माध्यम बन्दै गएको छ । समयमै गरिने समन्वय, आवश्यक क्षमताको हवाई साधन र दक्ष जनशक्तिको परिचालनले आकस्मिक अवस्थालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सहयोग पुगेको छ । यसले केवल जीवन रक्षा मात्र होइन, दुर्गम भेगका महिलालाई सुरक्षित मातृत्वप्रति भरोसा दिलाउँदै राज्य संवेदनशील र जिम्मेवार रहेको अनुभूति गराएको छ । जीवनका सबैभन्दा संवेदनशील घडीमा नेपाली सेनाको यस्तो सक्रियता मातृ तथा नवजात शिशु सुरक्षामा प्रेरक उदाहरणका रूपमा स्थापित हुँदै गएको छ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# बस्तीबस्तीमा दाउरा पुऱ्याएर आगो बालिँदै

**महोत्तरी ।**
दिनदिनै जाडो बढ्दै गएपछि महोत्तरीको भङ्गाहा नगर कार्यपालिकाको कार्यालयले बस्तीहरुमा दाउराका मुढा वितरण थालेको छ ।

नगरपालिकाका नौवटै वडाका बस्तीबस्तीका चोक, बजार, सार्वजनिक दलान र विभिन्न जनसरोकारका कार्यालयमा जाडोबाट बच्न राहतका लागि दाउरा वितरण सोमबार थालिएको नगरप्रमुख सञ्जीवकुमार साहले बताए । 'जाडो निकै बढ्यो, तत्काल राहतका लागि दाउरा वितरण थाल्याँै, पहिलो चरणमा सोमबार साँझसम्म नौवटै वडाका सबै बस्तीमा पु¥याइएको छ,' नगरप्रमुख साहले भने, 'यसले यो शीतलहरमा जीउ तताउन थोरै राहत दिनेछ ।'

बस्तीबस्तीमा सशस्त्र प्रहरी बेस क्याम्प भङ्गाहाका सशस्त्र प्रहरीका जवानसहितको वितरण टोलीले ठाउँठाउँमा दाउराका मुडा झार्दै आगो सल्काइने गरिएको साहले जानकारी दिए । दाउरा वितरणसँगै जारी शीतलहरमा गरिब बस्तीमा थप राहतको आवश्यकता रहेको उनीको भनाइ छ । यस कार्यमा सहयोग समन्वय बढाइदिन उनीले विभिन्न सामाजिक सङ्घसंस्था, जिल्ला विपद् व्यवस्थापन समिति र राज्यका निकायहरुसँग अपिल गरेका छन् ।

'हाम्रो नगर क्षेत्रमा मुसहर, बाँतरसहितका अत्यन्त गरिब बस्ती धेरै छन्, यो अप्ठ्यारो बेलामा यस्ता बस्तीमा थप राहतको जरुरी छ,' साह भन्छन्, 'यस कार्यमा सहयोग गर्न सबै पक्षसँग अनुरोध छ ।' शीतलहरको यो प्रकोपमा आगोमा जीउ तताउन पाएपछि सर्वसाधारणले केही राहत महसुस गरेका छन् । जिल्लामा यसपालि पुस ३ गते शुरु भएको शीतलहर पछिल्ला तीन–चार दिनयता झन् बढ्दैछ । जिल्लाको सुदूर उत्तरी भेगका बर्दिबास र गौशाला नगरक्षेत्रका पूर्वपश्चिम राजमार्ग आसपासका बस्तीमा त्यसयता एकाध दिन मध्याह्नपछि झल्याकझुलुक घाम देखिए पनि मध्य र दक्षिणी भेगमा घाम देखिएको छैन ।

शनिबारयता बर्दिबास र गौशालाका यी भेगमा पनि घाम नदेखिएको गौशाला–८ सँग सीमा जोडिएको बर्दिबास–५ का वडाध्यक्ष काहारमान स्याङ्वाले बताए । चारैतिर डम्म बाक्लो हुस्सुले ढाकेर मुटु कमाउने जाडो बढिरहेपछि जिल्लाका सबै क्षेत्रमा दाउराको माग बढेको छ ।

**शीतलहर प्रभावित क्षेत्रमा दाउरा वितरण**
शीतलहरले जनजीवन प्रभावित हुन थालेपछि सप्तरीको राजविराज नगरपालिकाले नगर क्षेत्रभित्र दाउरा वितरण शुरु गरेको छ ।

नगरका कार्यवाहक प्रमुख इसरत परविनका अनुसार ट्याक्टरमार्फत नगरपालिकाका कर्मचारीको टोलीले नगरको चोक र अस्पतालमा दाउरा वितरण शुरु गरेको हो । कार्यवाहक प्रमुख परविनले विगत एक हप्तादेखि बढेको जाडोबाट प्रभावित स्थानमा दाउरा अभावमा कसैले कठ्याङ्ग्रिनु नपरोस् भन्ने उद्देश्यले निःशुल्क वितरण गरिएको बताइन् ।



उनले भनिन्, 'अहिले आफ्नो दैनिकी जीवन चलाउन कामसँगै सबैले न्यानो भएर बस्न आवश्यक छ । बजार, अस्पताल, कार्यालय आउने कर्मचारी तथा सर्वसाधारणलाई न्यानोका लागि यो दाउराले थोरै भए पनि जाडो छल्न राहत मिल्नेछ ।' नगरपालिकाका अनुसार मुख्य बजारसहित वडा नं. १, २, ३, ४, ५, ६ र ७ वडामा दाउरा वितरण गरिएको छ ।

राजविराज नगरपालिका–७ का स्थानीय राजेश चन्द्र यादवले दाउरा वितरण थालिएपछि सर्वसाधारणलाई चिसोबाट थोरै राहत महसुस भएको बताए ।

शीतलहरका कारण जनजीवन प्रभावित भएपछि सप्तरीका राजविराजसहित तीन स्थानीय तहले विद्यालयमा बिदा दिएका छन् । चिसोकै कारण राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दैनिक बिरामी आउने क्रम बढेको जनाइएको छ ।

त्यसैगरी बरख गण राजविराजबाट सेनानी भरत गिरीको कमान्डमा १–१६ नफ्री मा राजविराज नगरपालिका–२, ५, र ७ वडा र विभिन्न ११ स्थानमा करिब २०० जना स्थानीयलाई लाभान्वित हुने गरी जिल्ला वन डिभिजनको सहयोगमा दाउरा वितरण गरेको नेपाली सेनाले जनाएको छ ।

**राजविराजका विद्यालयमा बिदा**
शीतलहरले जनजीवन प्रभावित हुन थालेपछि सप्तरीका राजविराजसहित तीन पालिकाले विद्यालयमा बिदा दिएका छन् ।

राजविराज नगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत भोगेन्द्रप्रसाद यादवद्वारा जारी सूचनाअनुसार अगामी तीन दिनका लागि राजविराज नगरपालिकाभरिका सम्पूर्ण विद्यालय बिदा दिइएको छ । यही पुस १६ देखि १८ गतेसम्मका लागि विद्यालय बन्द रहने जनाइएको छ ।

त्यस्तै जिल्लाको महादेवा र अग्नीसाइर कृष्णासवरण गाउँपालिकाले पनि पुस १६ देखि १८ गतेसम्म तीन दिन विद्यालयमा बिदा दिएको जनाइएको छ । महादेवा गाउँपालिकाका अध्यक्ष सुनिलकुमार मण्डलले एक सूचना जारी गर्दै चिसो बढेसँगै बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुनाले बिदा दिइएको उल्लेख छ ।

त्यसैगरी अग्निसाइर कृष्णासवरण गाउँपालिकाका कार्यवाहक अध्यक्ष कल्पनाकुमारी चौधरी र प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्रकुमार यादवद्वारा हस्ताक्षरित सूचनामा पालिकाअन्तर्गतका सामुदायिक, धार्मिक तथा संस्थागत सबै विद्यालयमा तीन दिनका लागि बिदा दिएको जारी सूचनामा उल्लेख छ ।

यसअघि जिल्लाको डाक्नेश्वरी नगरपालिकाका र राजगढ गाउँपालिकाले पालिकाअन्तर्गतका सबै निजी तथा सामुदायिक विद्यालयमा पाँच दिनका लागि बिदा दिइसकेको छ । ती दुवै पालिकाले पुस १८ गते शुक्रबारसम्म पाँच दिनको बिदा दिएको छ । साथै बोदेवरसाइन नगरपालिकाले पनि जाडो बिदा दिएर त्यहाँका सबै बिद्यालय बन्द गराइएको थियो । बढ्दो चिसोलाई कारण देखाउँदै पुस ९ देखि १३ गतेसम्म्म विद्यालय बन्द गरेको थियो ।

सप्तरीमा शीतलहरले जनजीवन प्रभावित बन्दै गएको छ । बिहान बेलुका हुस्सु लाग्ने र दिउँसो चिसो हावा चल्ने गरेका कारण बालबालिका, वृद्ध, पशु चौपायासमेत प्रभावित भएका छन् । अहिले चिसोका कारण विभिन्न अस्पतालमा बिरामीको चाप बढेको छ । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दैनिक बिरामी आउने क्रम बढेको जनाइएको छ । खासगरी रुघाखोकी, ज्वरो तथा दमका बिरामी यहाँ उपचारका लागि आउने गरेका अस्पताल प्रशासनले जनाएको छ । जिल्लाको अन्य स्वास्थ्यचौकीमा बिरामीको चाप बढेको छ ।

**वीरगंजमा जाडो बिदा थप**
वीरगंज महानगरपालिकाले जाडो बिदासम्बन्धी सूचना जारी गरेको छ । महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट जारी सूचनाअनुसार वीरगंज महानगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालय, मदरसा र कोचिङ सेन्टरमा जाडो बिदा दिइने भएको हो । सूचनामा उल्लेख भएअनुसार चिसो मौसमका कारण विद्यार्थीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै पुस १६ गतेदेखि पुस १९ गतेसम्म चार दिनका लागि जाडो बिदा दिइएको छ । यस अवधिमा महानगरपालिका क्षेत्रभित्र रहेका विद्यालय, मदरसा र कोचिङ सेन्टर बन्द रहनेछन् ।

महानगरपालिकाले पुस २० गतेदेखि भने नियमित शैक्षिक तालिकाअनुसार पठनपाठन पुनः सञ्चालन हुने जानकारी दिएको छ । वीरगंज महानगरपालिकाले सबै विद्यालय तथा शैक्षिक संस्थालाई सूचनाको पालना गर्न आग्रह गरेको छ ।

अझै केही दिन जाडो रहने
तराईका धेरै ठाँउमा बाक्लो हुस्सु र कुहिरो लागेको छ । अझै केही दिन तराई क्षेत्रमा बाक्लो हुस्सु र कुहिरो कायमै रहने सम्भावना छ । तराईमा बढेको चिसोले जनजीवन प्रभावित हुँदै आएको छ । तर महाशाखाले शीतलहरको आधिकारिक घोषणा भने गरिसकेको छैन । त्यस्तै मंगलबार देशका उच्च पहाडी र हिमाली केही ठाउँमा हल्का वर्षा र हिमपातको सम्भावना छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार उच्च क्षेत्रमा कतै–कतै हल्का वर्षा र हिमपातको सम्भावना रहेको हो । मौसमविद् गोबिन्द झाका अनुसार भोलि र पर्सि पनि कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक–दुई ठाउँमा हल्का वर्षा र हिमपातको सम्भावना छ ।

# नवलपुरको जनजीवन प्रभावित



आइतबार साँझदेखि परेको शीतलहरका कारण नवलपुरको जनजीवन प्रभावित भएको छ । भित्री मधेशमा पर्ने नवलपरासी जिल्लामा शनिबारदेखि घाम नलाग्दा जाडो बढेको भए पनि आइतबार साँझदेखि भने शीतलहरसँगै बाक्लो हुस्सु लाग्दा जनजीवन प्रभावित भएको हो ।

आइतबार रातिदेखि नै सिमसिम पानी परेकोजस्तै गरी परेको शीतलहरका कारण अत्यधिक चिसो बढेपछि अत्यावश्यक कामबाहेक जिल्लावासी घरबाहिर निस्किएका छैनन् । स्थानीय बजारसमेत सुनसान बनेको व्यवसायीहरू बताउँछन् । गैँडाकोटका किराना व्यवसायी किशोर लम्सालले शीतलहरका कारण पसलमा उपभोक्ता थोरैमात्र आएका बताए ।

'चिसोका कारण मानिसहरू घरबाहिर निस्किएकै छैनन्, पसल खोलेर बस्ने अवस्था मात्रै आएको छ,' उनले भने, 'शीतलहरका कारण चिसो एकदमै बढेको छ ।' चिसो बढेपछि मानिसहरूले चोकचोकमा आगो बालेर ताप्न थालेका छन् । यस वर्ष आइतबार साँझदेखि अलि धेरै चिसो बढेको भन्दै गैँडाकोट–२ का खगेन्द्र कँडेलले जाडो महिनाभर नगरवासीलाई आगो ताप्ने व्यवस्था गरिदिन स्थानीय सरकारलाई आग्रह गरे ।

'जाडोमा राज्यले हामीलाई उपेक्षा गरेको छ, वन र पालिकालेसमेत आवश्यक सहयोग गरेका छैनन्,' उनले भने, 'राज्यले एउटा मुढा दिएर उत्पातै गरेकोजस्तो गरेको छ, सामुदायिक वनको हालत पनि उस्तै हो ।' सामुदायिक वनले पनि उपभोक्तालाई एकदुइटा मुढामात्रै दिने गरेको भन्दै कँडेलले त्यो मुढा खासै प्रभावकारी नभएको बताए । 'जाडो बढेपछि एक दिनमा दुईतीनवटा मुढा बलेर सकिन्छ,' उनले भने, 'वनले दिएको मुढा एक दिनलाई पनि पुग्दैन अरु दिनको जाडोमा के गर्ने ?'

यो जाडो अझै बढेको अवस्थामा धेरै जिल्लावासीहरू निमोनियासहित चिसोका कारण लाग्ने रोगबाट प्रभावित हुनसक्ने कँडेलले बताए । चिसोका कारणा बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुने गरेको उनको भनाइ छ । राज्यले नागरिकलाई चिसोबाट जोगाउन भूमिका खेल्नुपर्ने कँडेलको भनाइ छ ।

गैँडाकोट–१ का मनोज केसीले विगतमा भन्दा यस वर्ष शीतलहर लामो समय देखिएको बताए । 'सोमबार राति त पानी नै परेको जसरी शीतलहर परेको थियो, जसले जाडो झनै बढाएको छ,' उनले भने, 'घाम नलागेको चार दिन भइसक्यो, यो अवस्था अझै कति दिन लम्बिने हो ।' चिसोले पाकाउमेरका मानिसलाई धेरै प्रभावित पार्ने गरेको भन्दै केसीले भने, 'घरभित्र कति बस्नु बाहिर निस्किए जाडो हुन्छ, आगो ताप्ने र बस्ने ठाउँको व्यवस्था गरिदिए जाडोमा पनि न्यानो अनुभूति गर्न पाइन्थ्यो ।'

नवलपुरका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले जाडोमा दाउरा वितरण गर्नका लागि वनमा पर्याप्त मात्रामा दाउरा रहेको बताए । 'जाडो बढेपछि हामीले जिल्लाका पालिकहरूलाई पत्राचार गरेर दाउरा माग्न अनुरोध गरेका छौँ,' उनले भने, 'अहिलेसम्म कुनै पनि पालिकाले यति दाउरा वा मुढा चाहियो भनेर हामीसँग माग गर्नुभएको छैन ।' जिल्ला प्रशासन कार्यालयले सिधै जनतासँग पुगेर दाउरा बाँड्नेभन्दा पनि पालिकासँग सहकार्य गरेर सहजीकरण गरिदिने रानाको भनाइ छ ।

'हामीले धेरै सेवाग्राही पुग्ने सरकारी कार्यालयमा दाउरा वितरण गरिसकेका छौँ, त्यहाँ पुग्ने सेवाग्राहीलाई आगो ताप्ने व्यवस्था गरिएको छ,' उनले भने, 'चोकचोकमा आगो बाल्नका लागि पालिकाले मागेमा आवश्यकताअनुसार दाउरा उपलब्ध गराउँछौँ ।' शीतलहर तथा जाडोबाट जिल्लावासीलाई जोगाउनका लागि आफूहरूले कार्ययोजना बनाएरै काम गरिरहेको उनले बताए ।

# सखुवाप्रसौनीमा दलितका पक्षमा काम हुने प्रतिवद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिकामा दलित समुदायको सशक्तीकरणका लागि दलित सशक्तीकरण ऐन निर्माण गर्ने विषयमा सकारात्मक पहल शुरु भएको छ । गाउँपालिकाका अध्यक्ष यशवंत यादव र प्रमुख प्रशासकीय अधिकृत सञ्जिव कुमार यादवले ऐन निर्माण प्रक्रियालाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

दलित समुदायको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरणलाई संस्थागत गर्न स्थानीय तहमा छुट्टै ऐन आवश्यक रहेको भन्दै दलित समुदायले पहल तथा खबरदारी अभियान सञ्चालन गर्दै आएका थिए । अभियानकै क्रममा भएको छलफलमा गाउँपालिका नेतृत्वले ऐन निर्माणलाई प्राथमिकतामा राख्ने आश्वासन दिएको दलित अगुवा मनोज रामले जानकारी दिए ।

उनका अनुसार ऐन निर्माणले दलित समुदायका हक–अधिकार सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । अभियानमा सहभागी दलित अधिकारकर्मी तथा स्थानीय अगुवाहरूले दलित समुदायले भोग्दै आएका विभेद, अवसरको अभाव र पहुँचको समस्यालाई समाधान गर्न ऐन अपरिहार्य रहेको बताएका छन् ।

उनका अनुसार ऐनमार्फत बजेट सुनिश्चितता, निर्णय प्रक्रियामा सहभागिता वृद्धि र समावेशी विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । गाउँपालिका नेतृत्वको प्रतिबद्धतालाई दलित समुदाय र नागरिक समाजले सकारात्मक कदमको रूपमा स्वागत गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई कानून निर्माण गर्ने अधिकार रहेकाले दलित सशक्तीकरण ऐन शीघ्र निर्माण हुनुपर्ने माग स्थानीय स्तरबाट उठ्दै आएको छ ।

**भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट**
**अप्रमाणित जग्गा प्रमाणित हकदावी वारे ३५ दिने सुचना**

यसमा जि.रौ.गा.वि.स.मुडवलवा वडा नं.१ हाल राजदेवी न.पा. ७ मा बस्ने रामपदार्थ राय यादवको पत्नी रामपरि देवीले रौ.जि.अ.गौरको दे.नं.१९४२ मिलापत्र मिति ०५२।१२।२७ गतेको मिलापत्र रौ.जि.अ. चलानी नं.४२३२ मिति २०८२।०९।०६ गतेको दा.खा.जनाउ पत्र बमोजिम राम पदार्थ राय यादवको नाउमा दर्त कायम रहेको जग्गा तपसिलमा जग्गा अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा. नामसारी गरी पाउ भनि द.न.१९५५ मिति २०८२।०५।१० को माग निवेदन आएकोमा मोठ कायम रही रोक्का नदेखिएको जि.रौ.गा.वि.स.पिप्राभगवानपुर वडा नं. किता नं.उल्लेख नरहेको क्षेत्रफल ०-१-२, ०- ३-७,०-०-१६, ०- ६-१८,०- २-१२,०- २-१०,०-४-०, ०- ०-१० , ०- २-५,र०-२-१५रही दर्तावालाको नाम राम पदारथ चौधरी वतन मुडवलावा मात्र उल्लेख रहेको मोठ श्रेष्तामा अप्रमाणित रहेको भनि मोठ फाटवाट लेखिआएको साथै फिल्डबुकको कैफियतमा यो जग्गा मुडवलवा बस्ने राम पदार्थ चौधरीको नम्बरी हो मैले हुण्डा बटैयामा जोति आएको छु भनि उल्लेख रहेको साथै राजदेवी न.पा.७ को चलानी नं.४४९ मिति २०८२।०८।१० गतेको दा.खा. नामसारी सिफारीश समेतले अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा. नामसारी हकदावी वारे ३५ दिने सुचना जारी भै म्याद सकिएपछि पेश गर्ने भनि २०८२।०९।१४ को आदेश बमोजिम यो ३५ दिने सुचना जारी गरिएको छ । निजको तिन पुस्ते भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम (दा.खा.वाकी) अप्रमाणित जग्गा प्रमाणित भै जाने छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | पिप्राभगवानपुर | १ | ८० | ०-१-२ | राम पदार्थ यादव |
| ,, | ,, ,, | २क | १४६ | ०- ०-१० | ,, ,, ,, |
| ,, | ,, ,, | १ | ३१३ | ०- ०-१६ | ,, ,, ,, |
| ,, | ,, ,, | १ | १६९ | ०- ३-७ | ,, ,, ,, |
| ,, | ,, ,, | १ | ३२२ | ०- ६-१८ | ,, ,, ,, |
| ,, | ,, ,, | ८ | १०९ | ०- २-१५ | ,, ,, ,, |
| ,, | ,, ,, | ८ | ११० | ०- ७-५ | ,, ,, ,, |
| ,, | ,, ,, | २ क | ४७० | ०- २-५ | ,, ,, ,, |
| ,, | ,, ,, | २ क | १४५ | ०- ४-० | ,, ,, ,, |

# पारसको जन्मजयन्ती मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्रवाद संघले पूर्व युवराज पारस शाहको ५६ औं जन्मोत्सव मंगलबार वीरगंजमा मनाएको छ । संघका केन्द्रीय अध्यक्ष जनकलाल शाहको अध्यक्षतामा गठित जन्मोत्सव मूल समारोह समितिले वीरगंज घण्टाघर चोकमा पूर्वयुवराज पारसको फोटो राखी माल्यार्पण गरेका थिए ।

संगीता देवी शाह, उमा शंकर प्रसाद कलवार, राजेन्द्र प्रसाद, पृथ्वी झा, हरिन्द्र राउत चुलाई लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# ठोरीको वृद्धाश्रमलाई सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
उपकार सेवा नेपालले ठोरी गाउँपालिका–१ भगवाननगरस्थित वृद्धवृद्धा आश्रममा आश्रित व्यक्तिलाई खाद्यान्न तथा जिन्सी सामग्री सहयोग गरेको छ ।

आश्रममा रहेका १८ अपाङ्ग, सुस्त मानसिक अवस्था भएका व्यक्ति, वृद्धवृद्धा, आमाबुबा तथा बालबालिकाको दैनिक उपभोगका लागि संस्थाले चामल, दाल, खाने तेल, नुन, सोयाबिन, सरसफाइका सामग्री तथा डाइपरलगायत आवश्यक सामग्री उपलब्ध गराएको हो ।

आश्रमका सदस्य रामबहादुर थिङलाई घरमै बोलाई आयोजित कार्यक्रममा उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगी र सामाजिक अभियन्ता प्रकाश थारूले सामग्री हस्तान्तरण गरेका थिए ।

**माइग्रेसन प्रमाण-पत्र हराएको सूचना**

यही मिति २०८२।०७।२० गतेको दिन घरबाट जनकपुरधाम जाने क्रममा बाटोमै मेरो निम्न व्यहोरा भएको माईग्रेसन प्रमाण-पत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरी सहयोग गर्नुहुन हार्दिक अनुरोध गर्दछु।
नाम : अभिषेक अधिकारी
ठेगाना : कमला न.पा.-२
विद्यालय : मोडेल सेकेण्ड्री स्कुल, जनकपुरधाम
रजिष्ट्रेशन नं. ७६१७१११३८
माईग्रेसन सि.नं. ४२३७३७
सम्पर्क नं.- ९८१५८१११५८

# मजदुरको परिवारलाई सहयोग

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराज नगरपालिका–५ स्वर्ण टोलका अनबहादुर आले मगरका परिवारले सहयोग पाएका छन् । ज्याला मजदुरी गरेर परिवार चलाउँदै आएका मगरको शुक्रबार बेलुका मृत्यु भएपछि उनका परिवारलाई किरिया खर्च र छाक टार्नका लागि कठिन भइरहेको थियो । मंगलबार बिहान युवाहरुले ५ हजार एक सय नगदसहितका सहयोग उपलब्ध गराएका हुन् । त्रिपाल, ब्ल्यांकेट, डस्ना, चामल, दाल, तेल, मुरही, चिउरा, मसालालगायतका सरसमान उपलब्ध गराएको अगुवा युवा अफरोज आलमले बताए । मगरको ७२ वर्षको उमेरमा मृत्यु भएपछि उनकी माइली छोरी १८ वर्षकी इनिशा र कान्छी १६ वर्षकी एरिका करियापुत्री बसेकी छन् । किरियापुत्रीलाई छुट्टै बस्न दिनुपर्ने परम्पराका कारण एउटै टहरो रहँदा शीतलहरको बेला दीपाले बाहिरै त्रिपालमुनि बस्नुपर्ने बाध्यता झेल्दै आएकी छन् ।

# समानुपातिकको बन्दसूचीमा २२ दलबाट मात्रै ११० उम्मेदवारी




**काठमाडौँ ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेस गर्ने ६४ राजनीतिक दलमध्ये २२ दलले मात्रै १ सय १० स्थानमा उम्मेदवारी दिएका छन् ।
निर्वाचन आयोगमा यही पुस १३ र १४ गते पेस भएको बन्दसूचीमा २२ दलले मात्रै समानुपातिकको सबै स्थान १ सय १० उम्मेदवारी मनोनयन गरेका हुन् । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कूल ६४ दलले सूची बुझाएकामा ५८ दलले ५८ निर्वाचन चिह्नमा उम्मेदवारी दिएको बताए ।
सबै (११०) स्थानमा उम्मेदवारी दिने राजनीतिक दलमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, मङ्गोल नेशनल अर्गनाइजेशन, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माले), श्रम संस्कृति पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सद्भावना पार्टी, जनमत पार्टी, मितेरी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) छन् ।
यस्तै नेपाली जनता दल, राष्ट्रिय प्रजातान्त्रिक पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी), प्रगतिशील लोकतान्त्रिक पार्टी रहेका छन् । केही दलहरूले साझा निर्वाचन कायम गरी एकापसको सूची मिलाएर १ सय १० स्थानमा बन्दसूची बुझाएका छन् ।
सूचीअनुसार औसत प्रतिनिर्वाचन चिह्नमा उम्मेदवारी दिने दलको संख्या ६० देखिएको छ । यस्तै न्यूनतम ११ स्थानमा बन्दसूची पेस गर्ने दलको संख्या १० रहेको छ । यसैगरी एकल चिह्न लिएका दलहरू १० छन् ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा २०७८ को जनगणनाअनुसार समावेशी समूहको प्रतिशतका आधारमा दलहरूले उम्मेदवारी दिएका छन् । यसबीचमा कतिपय दलबीच एकता र सहकार्यको सहमति भएकाले राति अबेरसम्म बन्दसूची बुझाउने क्रम जारी रहेको थियो । आयोगमा ९३ राजनीतिक दलले यस प्रणालीमा उम्मेदवारी दिन आवेदन दिएकामा जम्मा ६४ दलले मात्रै उक्त प्रणालीका लागि उम्मेदवारी दिएका हुन् ।
प्राप्त बन्दसूचीका सम्बन्धमा यही पुस १५ देखि ० गतेसम्म छानबिन गर्ने कार्यतालिकाअनुसार काम हुने बताए । आयोगले पुस २० गतेसम्म बन्दसूची छानबिन गरेपछि सच्याउनुपर्ने वा अपुग भाग जति भएमा पुस २१ गतेदेखि २७ गतेसम्म मिलाउन दललाई समय दिनेछ । पुस २८ गतेदेखि माघ ३ गतेसम्म दलले मिलाएको बन्दसूची जाँच गरिने आयोगले जनाएको छ । आगामी माघ २० गते अन्तिम सूची प्रकाशन हुनेछ ।
प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ बमोजिम नेपाल सरकारले २०७८ को जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा दलहरूले बन्दसूची पेस गरेका हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची १ लाई संशोधन गर्न सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि यही पुस ४ गते अध्यादेश जारी भएको थियो ।
प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची–१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख थियो । आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसंख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्नुपर्ने छ ।
पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष)तर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ । सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने समय निर्धारण गरिएको छ ।आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् र सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ ।

**मतपत्र छपाइको तयारी शुरु**

यसैबीच उम्मेदवारीको मनोनय प्रक्रिया शुरु भएसँगै आयोगले निर्वाचनका लागि आवश्यक करिब चार करोड थान मतपत्र छपाइको प्रक्रिया अघि बढाएको छ । आयोगका कार्यवाहक आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरू, उच्चाधिकारी र सम्बन्धित शाखाका कर्मचारीले आज बैठक गरी मतपत्रको सम्भावित ढाँचा, आकार र 'डिजाइन'बारे परामर्श गरेका छन् ।

# संविधान पुनर्लेखन नभए च्यातिनसक्छः यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधन वा पुर्नलेखन नभए नयाँ संविधान जारी गर्ने चेतावनी दिएका छन् । मंगलबार वीरगंजमा आयोजित जनप्रदर्शन तथा विरोधसभामा अध्यक्ष यादवले भने, 'यदि पुर्नलेखन नभए संविधान च्यातेर नयाँ संविधान जारी गर्न बाध्य हुने अवस्था आउनेछ ।'
अध्यक्ष यादवले हालको संविधान मधेशी, जनजाति र अल्पसंख्यक समुदायविरोधी तथा विभेदकारी रहेको भन्दै यसको पुर्नलेखन अपरिहार्य रहेको बताए ।
उनले फागुन २१ को निर्वाचनअघि संविधान संशोधन वा पुर्नलेखन हुनुपर्ने माग दोहोर्याए । साथै, उनले सरकार र जेन्जी प्रतिनिधिबीच भएको १० बुँदे सम्झौताको निर्वाचनअघि कार्यान्वयन हुनुपर्ने बताए ।
उनले विगतका सरकारहरूले मधेशी जनतालाई ठगेको जस्तो अहिलेको सरकारले पनि जेन्जी पुस्तालाई धोखा दिइरहेको आरोप लगाए । अध्यक्ष यादवले मधेश आन्दोलनबाट प्राप्त संघीयता, लोकतन्त्र र अन्य उपलब्धि खतरामा परेको भन्दै त्यसको रक्षाका लागि जसपा नेपाल आगामी फागुन २१ को निर्वाचनमा सहभागी हुने स्पष्ट पारे ।

# सुशासन र सेवा प्रवाह सुदृढीकरण प्रमुख लक्ष्यः गृहमन्त्री

**विराटनगर ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले सुशासन र सेवा प्रवाहलाई सुदृढीकरण गर्ने लक्ष्यका साथ सरकार अघि बढेको बताएका छन् । मन्त्री अर्यालले सेवा प्रवाह र सुशासनलाई सुदृढीकरण गरिनुपर्छ भन्ने प्रमुख मान्यताका साथ वर्तमान सरकारले काम गरिरहेको बताएको गृहमन्त्री अर्यालको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार गृहमन्त्री अर्याल बुधबार हुने एक दिने कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठीका लागि मंगलबार आएका हुन् । मोरङस्थित बुधनगरमा सन् २०२० देखि सञ्चालनमा आएको नेपाल–भारत एकीकृत भन्सार जाँच चौकीको स्थलगत निरीक्षणपछि मन्त्री अर्यालले यस्तो धारणा व्यक्त गरेका हुन् । अहिलेको सरकारको अर्को प्रमुख कार्यभार भनेको शान्ति सुरक्षाको पूर्ण प्रत्याभूतिसँगै घोषित मितिमै निर्वाचन सम्पन्न गर्नु रहेको उनको भनाइ छ ।
शान्ति सुरक्षाको प्रत्याभूतिबिना कुनै पनि आर्थिक गतिविधि चलायमान र सुरक्षित हुन नसक्ने बताउँदै मन्त्री अर्यालले गृह प्रशासनले अहिले शान्ति सुरक्षा नै सबै विषयको पहिले शर्त हुने भएकाले त्यसतर्फ सचेत भई आफ्ना रणनीति तय गरेको पनि बताए । एक सय २९ बिघामा फैलिएको एकीकृत जाँच चौकीमा छुट्टै सुरक्षा फौजको लागि भएको मागका सम्बन्धमा त्यसमा सरकारको ध्यानाकार्षण भएकासमेत उनले बताए । त्यसका लागि गृहमन्त्रालयले अन्तरमन्त्रालय तथा कार्यालयसँग कुरा गरेर सुरक्षा फौजका लागि प्रयास गरिने उनले उल्लेख गरे ।
यस्तै, आजै गृहमन्त्री अर्यालले मोरङको जिल्ला प्रशासन कार्यालयको जेन्जी आन्दोलनपछि खरानी भएर पुनःमर्मत गरी सेवा सुचारु गरेको भवनको निरीक्षण गरे ।
प्रजिअ युवराज कट्टेलले आन्दोलनमा जलेका भौतिक संरचनाको जानकारीका साथै मन्त्रालयले प्राथमिकतामा राखेर सेवा दिएका विषयहरूबारे स्पष्ट पारेका थिए । यस्तै, मन्त्री अर्यालले कोभिड–१९ मा नेपाली सेनाले निर्माण गरेको होल्डिङ सेन्टरको समेत निरीक्षण गरे । हाल यो होल्डिङ सेन्टर खाली अवस्थामा सेनाको निगरानीमा यतिकै खाली अवस्थामा छ ।

# ठूला र पुराना लोकतान्त्रिक शक्ति नै देशको नेतृत्वकर्ताः ओली



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी दिनमा एमाले र नेपाली कांग्रेसबाहेक अरुले सरकार बनाउन नसक्ने दाबी गरेका छन् ।
'नेकपा (एमाले) को ११ औँ राष्ट्रिय महाधिवेशनको सन्देश र राजनीतिक निकास' विषयक मदन–आबिश्रत स्मृति प्रतिष्ठानद्वारा आयोजित विचारगोष्ठीमा पूर्वप्रधानमन्त्री ओलीले पछिल्ला दिनमा प्रधानमन्त्री पदका सहमति गरेर भन्ने खबर आफूले सुनेको उल्लेख गर्दै एमाले–कांग्रेस बाहेक अरुले सरकार बनाउन नसक्ने दाबी गरे ।
अध्यक्ष ओलीले भने, 'जसलाई जहाँ भेट्यो, त्यहाँ प्रधानमन्त्री बाँडेर हुँदैन ।' उनले मोर्चाबन्दीले एमालेलाई कुनै फरक नपर्ने टिप्पणी गर्दै ठूला र पुराना लोकतान्त्रिक शक्तिले नै देशको नेतृत्व गर्ने विश्वास व्यक्त गरे ।संसद् पुनःस्थापना आफूहरूको प्राथमिकता रहेको स्पष्ट पार्दै अध्यक्ष ओलीले पछिल्लो राजनीतिक निकासको सोही बाटो अपनाउनुपर्नेमा जोड दिए ।
एमालेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले लोकतन्त्र र मुलुकको रक्षाका लागि वामपन्थी र लोकतन्त्रवादीहरू मिलेर जानुपर्ने बताए । नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले भदौ २३ र २४ को घटनापछि पुराना रु ठूला दलका नेतालाई छानी छानी आक्रमण गर्ने प्रवृत्ति गलत भएको बताए ।
प्रतिष्ठानका अध्यक्ष एवम् एमालेका नेता प्रदीपकुमार ज्ञवालीले लोकतन्त्र र मुलुकको रक्षाका लागि पुराना दलहरूको सक्रियताको विकल्प नरहेको बताए । एमालेका केन्द्रीय सदस्य एवम् काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनीता डङ्गोलले एमालेको महाधिवेशनमा नयाँ र पुराना पुस्ताका नेता कार्यकर्ताबीच अनुभव आदान प्रदान भई अहिलेको परिस्थितिमा ऊर्जा उत्पन्न भएको बताइन् ।

# महुवन मठको जग्गा अतिक्रमणमुक्त गर्ने प्रयास

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नं. ५ स्थित महुवन मठको जग्गा अतिक्रमण मुक्त गर्न पहल शुरु भएको छ । धार्मिक ऐतिहासिक पारसनाथ महादेव मन्दिर महुवन मठको अतिक्रमित जग्गा, खाली गर्न सातदिनको समय सीमा तोकिएको छ ।
विगत लामो समयदेखि अतिक्रमणमा परेको जग्गाका सम्बन्धमा गुठी संस्थान र गाउँपालिकाले ७ दिने अल्टिमेटम जारी गरेका हुन् । गुठी संस्थान शाखा कार्यालय वीरगंजका प्रमुख उर्मिला आचार्यले हस्ताक्षर गरेको पत्रमा, महुवन मठको कित्ता नं. २७६ मा रहेको ५ बिघा १७ कट्ठा १४ धुर जग्गामा बनाइएका, अनधिकृत घर–टहरा ७ दिनभित्र हटाउन आदेश दिएकी छन् ।
पत्रका आधारमा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले पनि सार्वजनिक सूचना जारी गर्दै, जग्गा खाली गरी धार्मिक सम्पत्ति संरक्षणमा सहयोग गर्न आग्रह गरेका छन् । समयमा जग्गा खाली नगरे बल प्रयोग गरी संरचना हटाइने र सोको खर्च अतिक्रमणकारीबाटै असुल गरिने पालिका अध्यक्ष यादवले चेतावनी दिएका छन् ।
विगत लामो समयदेखि महुवन मठको जग्गा खाली गराउने प्रयास भए पनि विभिन्न राजनीतिक दाउपेचका कारण सफल हुन नसकेको स्थानीयको भनाई छ ।

# जनप्रतिनिधिको झगडाले विद्यालय बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको कमला नगरपालिकाका जनप्रतिनिधिबीचको झगडाको कारण नगरभरिका विद्यालयहरु विगत दुई सातादेखि बन्द रहेको छ । जनप्रतिनिधिहरूबीच शुरु भएको आन्तरिक द्वन्द्व अझै समाधान हुन नसक्दा शिक्षकहरु सडकमा उत्रेको छ ।
जसको प्रत्यक्ष असर शिक्षक, कर्मचारी तथा सर्वसाधारण नगरबासीले वर्षौंदेखि भोग्दै आएका छन् । कमला नगरपालिकाका मेयर, उपमेयर, वडाध्यक्षहरुबीचको झगडाको कारण शिक्षकहरुले तलबसमेत पाउन नसक्दा उनीहरु आन्दोलनमा उत्रेका हुन् । नागरिकको आवश्यकताभन्दा बजेट बाँडफाँटमा सहमति हुन नसक्दा नगरपालिकाको समग्र कामकाज प्रभावित बनेको छ भने नगरपालिकाभरिका १७ वटै विद्यालय विगत दुई सातादेखि नै बन्द छ । ६ महिनाको तलबभत्ता एकमुष्ट उपलब्ध गराउनुपर्ने तथा नियमित तलब सुनिश्चित गर्नुपर्ने माग राख्दै शिक्षक आन्दोलनमा उत्रिएपछि कमला नगरपालिकाभित्रका ५ वटा माध्यमिक विद्यालय, २ वटा निम्न माध्यमिक विद्यालय र १० वटा प्राथमिक विद्यालयको पठनपाठन ठप्प भएको छ ।

# युवालाई नहार्न सन्देशसहित उल्टो साइकल यात्रा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'युगले हार्न सक्छ युवा नहार, सबल बनाऊ थेग्न काँध मातृभूमिको भार' गीत गुनगुनाउँदै जनकपुरधामको मुख्य प्रवेशद्वारा रामानन्द चोकमा उल्टो साइकल चलाएर घुमिरहेका जीवनाथ पोखरेलले सबैको ध्यान तानेका छन् ।
ह्यान्डल विनाको दुई पाङ्ग्रे साइकल त्यसमा पनि उल्टो हाकिँरहेको देखेर कसैले मोबाइल निकालेर फोटो खिच्छन् भने कसैले रोकेर पोखरेलसँग सेल्फि लिने गर्छन् । महोत्तरीको बर्दिबास वडा नं. १ घर भएका उल्टो साइकल यात्री पोखरेल पेसाले स्वास्थ्यकर्मी हुन् । पोखरेल महोत्तरीको बर्दिबास नगरपालिका अन्तर्गत जनस्वास्थ्य निर्देशक हुन् । बिदाका दिन उल्टो साइकल चलाएर वातावरण संरक्षण गर्ने सन्देश फैलाउने काम गर्छन् उनी ।
२०६३ सालमा उल्टो साइकल चलाएर मेची महाकाली यात्रा गरेर उनले निकै चर्चा बटुलेका थिए । त्यसबेला उनले प्रयोग गर्ने साइकलमा ह्यान्डल थियो भने अहिले उनले बिना ह्यान्डल भएको साइकल प्रयोग गरी उल्टो चलाउने गर्छन् ।
करिब २० वर्षदेखि उनले उल्टो साइकल चलाइरहेका छन् । पोखरेलले प्रकृति संरक्षण र युवालाई स्वदेशमै बसेर केही सृजनात्मक र उत्पादनमूलक काम गर्न उत्प्रेरणा दिने उद्देश्यका साथ ठाउँठाउँमा उल्टो साइकल चलाउने गरेको बताए । उनले केही दिनअघि मात्र काठमाडौँमा उल्टो साइकल चलाएका थिए भने अब पोखरा जान लागेको बताए ।
पोखरेलले एक पटकमा लगातार १ सय किलोमिटर उल्टो साइकल चलाउन सक्ने दाबी गरे । उनले आगामी दिनमा उल्टो साइकल चलाएर गिनिज बुकमा नाम लेखाउन प्रयास गर्ने बताए । उनले साइकल प्रयोग गर्न सबैलाई आग्रह गर्दै प्रकृतिको संरक्षणमा सबैजना लाग्नु पर्ने बताए । पोखरेलले विदेश जाने युवालाई नेपालमै प्रशस्त सम्भावना रहेकाले केही फरक काम गरेर स्वदेशमै रोजगार बन्न सल्लाह दिए ।

# मिनापका नवनिर्वाचितहरुको शपथ ग्रहण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित मिथिला नाट्य कला परिषद् (मिनाप) का नवनिर्वाचित पदाधिकारीहरूको शपथ ग्रहण तथा पद हस्तान्तरण भएको छ ।
शपथ ग्रहणसँगै नवनिर्वाचित कार्यसमितिले औपचारिक रूपमा आफ्नो कार्यभार सम्हालेको हो ।
कार्यक्रममा अध्यक्ष मण्डलका संयोजक रमेश रञ्जन झाले नवनिर्वाचित कार्यसमितिलाई शपथ ग्रहण गराएका थिए । शपथ ग्रहणपछि निवर्तमान अध्यक्ष प्रमेश झाले नवनिर्वाचित अध्यक्ष सुनिल मल्लिकलाई माइन्युट, रजिस्टर र कार्यालयको चाबी हस्तान्तरण गर्दै पद हस्तान्तरण गरेका थिए ।
अध्यक्ष पद सम्हाल्दै मल्लिकले मिथिला नाट्य कला परिषद्लाई थप सशक्त र प्रभावकारी बनाउँदै नयाँ उचाइमा पु¥याउने प्रतिबद्धता व्यक्त गरे । उनले कलाकारहरूमा जिम्मेवारीबोध गराउँदै संस्थाको योजनाबद्ध विकास र नाट्यकला प्रवद्र्धनमा केन्द्रित भएर काम गर्ने बताए । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह, महासंघ धनुषाका पूर्वअध्यक्ष उमेश साहलगायत उपस्थित थिए ।

# १० लाख रुपैयाँसहित साह पक्राउ

**मधेशदृष्टि**
**धनुषा ।**
जनकपुरधाम उपमहानगरपालिका–४ माछा बजारबाट स्रोत नखुलेको रकमसहित एक जना पक्राउ परेका छन् । १० लाख ३ हजार ८ सय ५ रूपैयाँसहित सोही ठाउँ डेरा गरी बस्ने महोत्तरी एकडारा गाउँपालिका–४ घर भएका ३५ वर्षीय रंजित कुमार साहलाई प्रहरीले पक्राउ गरेको हो ।
प्रहरी चौकी जिरोमाईलबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा नगद फेला पारी पक्राउ गरेको हो । प्रहरीले उनले प्रयोग गर्ने म.प्र.०२–००९ प ०५४३ नम्बरको स्कुटरसमेत बरामद गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन